काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



❐ वर्ष : २५ ❐ अंक : ३२८ ❐ बिहीवार, २५ भदौ, २०८३ ❐ Thursday, 10 Sep 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

नौ वर्षमा कर्णाली प्रदेशसभाको उपलब्धि, ७५ वटा कानुन निर्माण

❐ चाँदनी कठायत
सुर्खेत, २४ भदौ

कर्णाली प्रदेशसभा गठन भएको करिब नौ वर्षको अवधिमा प्रदेशसभाले ७५ वटा कानुन निर्माण गरेको छ। प्रदेशसभा सचिवालयको अभिलेखअनुसार पहिलो कार्यकाल (२०७४ देखि २०७९ सम्म) मा ५३ वटा विधेयक प्रमाणीकरण भएका छन्। दोस्रो कार्यकाल (२०७९ देखि हालसम्म) सुरु भएपछि २०८३ असार मसान्तसम्म थप २२ वटा विधेयक प्रमाणीकरण भएका छन्। यसरी प्रदेश प्रमुखबाट प्रमाणीकरण भएका कानुनको संख्या ७५ पुगेको सूचना अधिकारी राजेन्द्र पौडेलले जानकारी दिए।

प्रदेशसभामा दर्ता भएका सबै विधेयक भने कानुन बन्न सकेका छैनन्। सचिवालयको विवरणअनुसार प्रदेशसभा गठनदेखि हालसम्म ८३ वटा विधेयक दर्ता भएका छन्। तीमध्ये ८ वटा विधेयक फिर्ता भएका छन् भने तीन वटा विधेयक निष्क्रिय भएका छन्। यसबाहेक प्रदेशसभाबाट आठ वटा अध्यादेश स्वीकृत भएका छन्। सचिवालयको अभिलेखमा अध्यादेश, फिर्ता र निष्क्रिय विधेयकको अवस्था छुट्याएर खुद विधेयक संख्या ६४ उल्लेख गरिएको छ।

प्रदेशसभामा दर्ता भएका विधेयकमध्ये फिर्ता भएका आठ विधेयकमा सामाजिक संघसंस्था सञ्चालन तथा व्यवस्थापन विधेयक, कर्णाली प्रदेश विनियोजन विधेयक (पहिलो संशोधन), २०७६, प्रदेश लोकसेवा आयोग ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, कर्णाली प्रदेश आर्थिक विधेयक, २०७८, कर्णाली प्रदेश विनियोजन विधेयक, २०७८, उपभोक्ता संरक्षणसम्बन्धी विधेयक, प्रदेशमा घरेलु हिंसा नियन्त्रणसम्बन्धी विधेयक र प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ लाई संशोधन गर्न बनेको प्रतिस्थापन विधेयक छन्। प्रदेश सरकारको क्षेत्राधिकारभित्र नपरेका विधेयक फिर्ता भएको सुचना अधिकारी पौडेलले बताए।



'केही विधेयकहरु पहिला मस्यौदा तयार भए,' उनले भने, 'प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गएर कानुन बनाउन मिल्दैन। संघीय कानुनसँग बाझिने वा संघको अधिकार क्षेत्रसँग सम्बन्धित विषय समेटिएका कारण कतिपय विधेयक फिर्ता भएका हुन्।' पौडेलका अनुसार दोस्रो कार्यकालमा पनि दुई वटा विधेयक फिर्ता भएका छन्। कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ लाई संशोधन गर्न बनेको विधेयक फिर्ता भएका हुन्। खेलकुद विकास ऐन संशोधनसम्बन्धी विधेयक लामो समय विषयगत समितिमा छलफल भएपछि समितिले प्रतिवेदन सभामा पेस गरेको थियो। त्यसपछि प्रदेशसभाले विधेयक फिर्ता गरेको हो। स्थानीय सेवा ऐन संशोधनसम्बन्धी विधेयक पनि प्रदेशसभाको प्रक्रियाबाट फिर्ता भएको सचिवालयले जनाएको छ।

त्यस्तै प्रदेशसभा सचिवालयको अभिलेखमा तीन वटा विधेयक निष्क्रिय देखिन्छन्। प्रदेश लोकसेवा आयोग ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, प्रदेश लोकसेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको प्रतिस्थापन विधेयक रहेको सचिवालयको अभिलेखमा उल्लेख छ। यी विधेयकहरु पहिलो कार्यकालमा दर्ता भएका थिए। प्रदेशसभाको कार्यकाल समाप्त भएपछि विचाराधीन अवस्थामा रहेका विधेयक निष्क्रिय हुने संवैधानिक व्यवस्थाअनुसार ती विधेयक निष्क्रिय भएका हुन्। कर्णाली प्रदेशसभामा विधेयक दर्ता भएपछि त्यसले कानुनको रुप लिन लामो प्रक्रिया पार गर्नुपर्छ। विषयगत मन्त्रालयहरुले तयार पारेका विधेयकका मस्यौदा मन्त्रिपरिषद्बाट स्वीकृत भएपछि संसद सचिवालयमा दर्ता हुन्छन्। दर्तापछि सदनमा टेबुल हुन्छ। त्यसपछि सैद्धान्तिक छलफल हुन्छ। आवश्यकताअनुसार संशोधन प्रस्तावमाथि छलफल हुन्छ र विधेयकलाई सम्बन्धित विषयगत समितिमा दफावार छलफलका लागि पठाइन्छ। समितिले विधेयकका प्रत्येक दफा र संशोधन प्रस्तावमाथि छलफल गरेपछि प्रतिवेदन तयार गरेर प्रदेशसभामा पेस गर्छ। त्यसपछि मात्रै सदनमा विधेयकमाथि अन्तिम छलफल र पारित गर्ने प्रक्रिया अघि बढ्छ। यही प्रक्रियाका कारण केही विधेयक लामो समय समितिमा रहने गरेका छन्।

यसको एउटा उदाहरण कर्णाली प्रदेश लोकमार्गसम्बन्धी विधेयक हो। यो विधेयक २०८० फागुन १५ गते प्रदेशसभा सचिवालयमा दर्ता भएको थियो। दर्ता भएको करिब एक वर्षपछि २०८१ माघ १० गते प्रदेशसभामा टेबुल भयो। त्यसपछि २०८१ माघ २७ गते विधेयकमाथि सैद्धान्तिक छलफल सकियो। सैद्धान्तिक छलफलपछि २०८१ फागुन ४ गते यसलाई अर्थ तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफलका लागि पठाइएको थियो। समितिमा पुगेपछि भने यो विधेयक लामो समय छलफलको प्रक्रियामा रह्यो। २०८१ फागुन ४ गते समितिमा गएको विधेयकको प्रतिवेदन समितिले २०८३ असार २२ गते मात्रै प्रदेशसभामा पेस गरेको हो। अर्थात् समितिमा पुगेको करिब १६ महिनापछि मात्रै प्रतिवेदन सभामा आएको हो। समितिले प्रतिवेदन बुझाइसकेको तर प्रदेशसभाबाट पारित हुन भने बाँकी नै छ।

तर समितिमा पुगेका सबै विधेयक महिनौंसम्म अल्झिएका छैनन्। कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापनसम्बन्धी बाँकी पृष्ठ २

कर्णाली सरकारका निर्णयहरू यस्ता छन्



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २४ भदौ

कर्णाली प्रदेश मन्त्रिपरिषद्को बुधबार बसेको बैठकले विभिन्न पाँच वटा निर्णय गरेको छ।

सरकारका प्रवक्ता तथा उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री कल्याणी खड्काका अनुसार प्रदेश सचिव रामबहादुर कुरुम्बाङलाई लोक सेवा आयोगको सचिवमा पदस्थापन गर्ने निर्णय भएको छ।

यस्तै, दैलेखको इलाका प्रहरी कार्यालय राकम कर्णालीको अधुरो भवन निर्माण सम्पन्न गर्न १ करोड ६ लाख ५० हजार रुपैयाँको अख्तियारी प्रदान गर्न संघीय गृह र अर्थ मन्त्रालयको स्वीकृति माग गर्ने निर्णय भएको छ।

बैठकले प्रदेशसभा सदस्यलाई नियमानुसार स्वकीय सचिव सुविधा उपलब्ध गराउन प्रदेशसभालाई लेखी पठाउने निर्णय पनि गरेको छ।

त्यस्तै, दलित समुदायको सशक्तीकरण र जीवनस्तर प्रवर्द्धन ऐन, २०८१ को पहिलो संशोधन विधेयक प्रदेशसभामा पेस गर्न स्वीकृति दिने निर्णय भएको प्रवक्ता खड्काले बताइन्।

बैठकले उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री कल्याणी खड्कालाई मन्त्रिपरिषद्को प्रवक्ता तोक्ने निर्णयसमेत गरेको थियो ।

परागसेचक संरक्षणमा नीति र साझा पहल आवश्यक

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २४ भदौ

कृषि उत्पादनको महत्वपूर्ण आधार मानिने परागसेचक जीवको संख्या निरन्तर घट्दै गएकाले यसको संरक्षण र वृद्धि गर्न तीनै तहका सरकार तथा विकास साझेदारबीच साझा पहल आवश्यक रहेको सरोकारवालाले बताएका छन् ।



लिवर्डको 'परागसेचन परियोजना' र हेल्भेटास नेपालको 'इन इलम परियोजना'को संयुक्त आयोजनामा बुधबार वीरेन्द्रनगरमा आयोजित परागसेचनसम्बन्धी सचेतना कार्यशाला गोष्ठीमा सहभागी वक्ताहरूले परागसेचक जीवको संरक्षणलाई कृषि नीति र कार्यक्रमसँग जोड्नुपर्नेमा जोड दिएका हुन् ।

कार्यशालामा कृषि तथा वन विज्ञान विश्वविद्यालय, रामपुर चितवनका उप प्राध्यापक डाक्टर केदार देवकोटाले 'परागसेचनको महत्व' विषयमा कार्यपत्र प्रस्तुत गर्दै कृषि प्रणालीमा परागसेचनको महत्वपूर्ण भूमिका रहेको बताए। उनका अनुसार परागसेचनको प्रक्रिया अवरुद्ध भएमा हाल भइरहेको करिब ७५ प्रतिशत बाली उत्पादनमा असर पर्न सक्छ, जसमध्ये करिब ३५ प्रतिशत मानवले प्रयोग गर्ने खाद्यान्न बाली रहेका छन्। उनले मानव गतिविधि, जलवायु परिवर्तनलगायतका कारण परागसेचक किराहरूको संख्या तथा विविधता घट्दै गएको बताए। परागसेचक जीवको घट्दो संख्याले कृषि उत्पादनमा दीर्घकालीन जोखिम निम्त्याउन सक्ने भन्दै संरक्षण र वृद्धि गर्न विशेष नीति तथा कार्यक्रम आवश्यक रहेको उनको भनाइ थियो ।

कार्यक्रममा नगरपालिका संघ कर्णाली प्रदेशका अध्यक्ष एवं गुर्भाकोट नगरपालिकाका प्रमुख हस्त पुनले परागसेचनबिना नेपालको कृषि प्रणाली जोखिममा पर्ने बताए। उनले परागसेचकको संरक्षण र वृद्धि सरकारको मात्रै नभई विकास साझेदार तथा समुदायको समेत साझा जिम्मेवारी भएको उल्लेख गरे। 'परागसेचकको संरक्षणका लागि संघ, प्रदेश र स्थानीय सरकार तथा विकास साझेदारबीच साझा पहल आवश्यक छ,' उनले भने।

गाउँपालिका राष्ट्रिय महासंघ कर्णाली प्रदेशका अध्यक्ष तथा दार्मा गाउँपालिका सल्यानका अध्यक्ष नीमबहादुर केसीले पारिस्थितिकीय प्रणाली जोगाउन परागसेचक जीवको संरक्षण अपरिहार्य रहेको बताए । स्थानीय तहले अहिलेसम्म परागसेचन संरक्षणका विषयमा पर्याप्त ध्यान दिन नसकेको स्वीकार गर्दै उनले आगामी दिनमा यसलाई स्थानीय सरकारका नीति तथा कार्यक्रममा प्राथमिकता दिनुपर्ने बताए ।

वरिष्ठ बाँकी पृष्ठ ४

'राज्य त्यो कहालीलाग्दो सुरुङभित्र नागरिकको प्राण खोजिरहेको छ'



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २४ भदौ

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेले विपत्तिको समयमा सरकारको भूमिकालाई सत्ता र प्रतिपक्षको परम्परागत दृष्टिकोणबाट हेर्न नहुने बताएका छन्। प्रतिनिधि सभाको बैठकमा बोल्दै विपत्तिको सुरुवाती घण्टामै सरकारले राज्यका सम्पूर्ण संयन्त्र परिचालन गरी उद्धार, उपचार र राहतको काम थालेको बताए। सरकारको तत्परतामाथि प्रश्न गर्ने ठाउँ आफूले नदेखेको बताए। घाइतेको उद्धार तथा उपचार, विस्थापित परिवारका लागि अस्थायी बसोबास र खाद्यान्न व्यवस्थापनमा पनि सरकारले तत्परता देखाएको उनको भनाइ छ। उनले भने, 'कतिपय ठाउँमा बाटो छैन, सञ्चार छैन, मौसम अनुकूल छैन, तर ती सबै कठिनाइका बीच पनि उद्धार तथा राहतकर्मी प्रभावित नागरिकसम्म पुगेका छन्।' प्रभावित क्षेत्रको अवस्था र क्षतिको गम्भीरतालाई ध्यानमा राख्दै बाढी प्रभावित स्थानीय तहलाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरी उद्धार, राहत र पुनर्स्थापनालाई प्राथमिकता दिइएको बताए। क्षतिग्रस्त सडक, पुल, विद्युत् तथा खानेपानीलगायत अत्यावश्यक पूर्वाधार पुनः सञ्चालनमा ल्याउने कामसमेत अघि बढेको उनको भनाइ छ। 'राज्य कहाँ छ?' भन्ने भन्नेलाई उनले भने, 'राज्य यतिबेला त्यो कहालीलाग्दो भग्नावशेष र सुरुङभित्र आफ्ना नागरिकको प्राण खोजिरहेको छ।' सर्वस्व गुमाएर खुला आकाशमुनि पुगेका नागरिकको छाहरी बन्न राज्य रातदिन खटिरहेको तथा भेलले बगाएका सडक र चुँडिएका पुलसँगै विपद्ले टुटाएको नागरिकको भरोसा जोड्ने प्रयासमा केन्द्रित रहेको बताए।

सम्पादकीय

दीर्घकालीन उपयोगितालाई प्राथमिकता देउ

कर्णाली प्रदेश सरकारले सडकलाई विकासको प्रमुख आधार मानेर हरेक वर्ष नयाँ ट्रयाक खोल्ने र सडक विस्तारलाई प्राथमिकता दिँदै आएको छ । तर निर्माण भएका सडकलाई दिगो, सुरक्षित र पक्की बनाउने सवालमा भने प्रदेश सरकारको प्रगति निराशाजनक देखिन्छ । पछिल्लो तथ्यांकले पनि कर्णालीमा सडकको पहुँच विस्तारभन्दा गुणस्तरीय सडक निर्माणको चुनौती अझ ठूलो रहेको देखाएको छ । आर्थिक वर्ष २०८२/०८३ मा १६५ किलोमिटर सडक कालोपत्र गर्ने लक्ष्य राखिए पनि ९१.७७ किलोमिटर मात्रै कालोपत्र भयो। यसको विपरीत २१६ किलोमिटर नयाँ माटे सडक निर्माण गर्ने लक्ष्यभन्दा बढी करिब २५३ किलोमिटर सडकको ट्रयाक खोलियो। यसले सरकारको प्राथमिकता नयाँ सडक विस्तारमा बढी र पुराना सडकलाई स्तरोन्नति तथा पक्की बनाउनेतर्फ कम भएको संकेत गर्छ ।

प्रदेश स्थापना भएयता करिब नौ वर्षमा ३ हजार ४१६ किलोमिटरभन्दा बढी नयाँ माटे सडक निर्माण हुनु आफैंमा ठूलो उपलब्धि हो । तर सोही अवधिमा कालोपत्र सडक जम्मा ३४१ किलोमिटरको हाराहारीमा सीमित हुनु चिन्ताको विषय हो । वर्षायाममा सडक अवरूद्ध हुने, दुर्घटनाको जोखिम बढ्ने र नागरिकले सास्ती खेप्ने समस्या अझै उस्तै छ । सरकारले निर्माण सामग्रीको अभाव, मूल्यवृद्धि, मौसम र बजेट अभावलाई सडक निर्माणको लक्ष्य प्रभावित हुनुका कारणका रूपमा प्रस्तुत गरेको छ । यी समस्या वास्तविक भए पनि हरेक वर्ष उही कारण देखाएर लक्ष्य पूरा नहुने अवस्था स्वीकार्य हुन सक्दैन। सीमित बजेटलाई प्राथमिकताका आधारमा परिचालन गर्दै निर्माणाधीन सडक समयमै सम्पन्न गर्ने स्पष्ट योजना आवश्यक छ ।

अझ चिन्ताको विषय पूर्वाधार बजेटको कमजोर कार्यान्वयन हो। गत आर्थिक वर्ष विकास बजेटको करिब ४८ प्रतिशत मात्रै खर्च हुनु र ७७२ आयोजनामध्ये ३८९ आयोजना मात्र सम्पन्न हुनु कार्यक्षमतामाथि प्रश्न हो । कर्णालीलाई सडकले जोड्नु मात्र पर्याप्त छैन। सडक सुरक्षित, भरपर्दो र वर्षौंसम्म टिक्ने हुनुपर्छ । नयाँ ट्रयाक खोल्ने राजनीतिक लोकप्रियताभन्दा निर्माण भएका सडकको गुणस्तर, कालोपत्र, मर्मत र दीर्घकालीन उपयोगितालाई प्राथमिकता दिन सके मात्र कर्णालीको सडक विकासले वास्तविक अर्थमा गति लिनेछ ।

प्राविधिक नेतृत्व र वैज्ञानिक अनुसन्धान:

समृद्ध नेपाल निर्माणको वास्तविक साँचो



✍ मोहन केसी

पटक-पटक प्राविधिक क्षेत्रमा स्वयं क्रियाशील रहँदै आएको र यसै क्षेत्रको अनुभव बटुलेको आधारमा मैले निरन्तर एउटा कुरा उठाउँदै आएको छु– नेपालको समृद्धि र विकासको यात्रा तबसम्म अधुरो रहन्छ, जबसम्म देशको प्राविधिक जनशक्तिलाई अगाडि सारेर उनीहरूकै मार्गदर्शनमा नीति र योजनाहरू बनाइँदैन ।

कुनै पनि देशलाई कुन नक्सामा लैजाने, कसरी पूर्वाधारको बाटो पहिल्याउने र कसरी दिगो विकास हासिल गर्ने भन्ने मुख्य जिम्मेवारी प्राविधिकहरू र इन्जिनियरहरूकै हो । ती विज्ञ र अनुसन्धानकर्ताहरूको क्षमतालाई नजरअन्दाज गरेर समृद्धिको गन्तव्यमा पुग्न सकिँदैन ।

संसारका विकसित राष्ट्रहरूको इतिहास हेर्ने हो भने सिंगापुर र स्विजरल्याण्ड जस्ता मुलुकहरू केवल प्राकृतिक स्रोतका कारण मात्र समृद्ध भएका होइनन् । उनीहरूले आफ्ना दक्ष प्राविधिक, वैज्ञानिक र विषयविज्ञहरूलाई स्वतन्त्र रूपमा काम गर्ने वातावरण दिए, उनीहरूका अनुसन्धानलाई राज्यको प्राथमिकतामा राखे र सोही आधारमा देशको विकासको बाटो तय गरे । नेपालमा पनि यदि सरकारले हाम्रा प्राविधिकहरूको 'मेन्टालिटी' र काम गर्न सक्ने क्षमतालाई बिनाकुनै राजनीतिक वा प्रशासनिक हस्तक्षेप निस्वार्थ रूपमा प्रयोग गर्न सक्यो भने देशले द्रुत गतिमा अग्रगामी छलाङ मार्न सक्छ ।

१. दिपक ज्ञवालीः जलस्रोत र अर्थराजनीतिक रणनीतिका मार्गदर्शक नेपालको इन्जिनियरिङ र जलस्रोत क्षेत्रमा विगत लामो समयदेखि अतुलनीय योगदान पुर्याउँदै आउनुभएका पूर्व जलस्रोत मन्त्री, प्रख्यात अर्थविद तथा जलस्रोतविद दिपक ज्ञवाली हाम्रा लागि प्रेरणाका स्रोत हुनुहुन्छ । उहाँले नेपालको प्राकृतिक स्रोतको संरक्षण, जलस्रोतको बहुआयामिक उपयोग र वातावरण अनुकूलको विकास निर्माणका क्षेत्रमा निरन्तर गहन अध्ययन र अनुसन्धान गर्दै आउनुभएको छ । देशको विकास म्याप तयार गर्दा दिपक ज्ञवालीजस्ता अनुभवी र दूरदर्शी अग्रजहरूको ज्ञान, सोच र सल्लाहलाई राज्यले नीतिगत तहमा पहिलो प्राथमिकतामा राख्नुपर्छ ।

२. श्री राम श्रेष्ठः सुरुङमार्ग र हाइड्रो इनर्जीका व्यावहारिक अनुसन्धानकर्ता जलविद्युत् र सुरुङ निर्माण (त्गललभष्लिन) को क्षेत्रमा एउटा सानो जगबाट काम सुरु गरेर ठूलो सफलता हासिल गर्नुभएका इन्जिनियर श्री राम श्रेष्ठले नेपालको प्राविधिक क्षमतालाई नयाँ उचाइ दिनुभएको छ । उहाँले कठिन भू-बनोटमा पनि स्वदेशी ज्ञान र प्रविधिको प्रयोग गरी जे-जस्ता उत्कृष्ट अध्ययन र काम गर्नुभयो, त्यो प्रशंसायोग्य छ ।

भदौ १० गते रसुवा, नुवाकोट, त्रिशूली तथा भोटेकोशी क्षेत्रमा घटेका अप्रत्याशित प्राकृतिक विपद्का घटनाहरूलाई फर्केर हेर्दा, यदि श्री राम श्रेष्ठजस्ता विज्ञहरूले गरेको अध्ययन र अनुसन्धानलाई मान्दै उहाँहरूलाई निस्वार्थ रूपमा काम गर्न दिइएको भए सम्भावित जोखिमको सही आंकलन गरी धेरै मानिसहरूको ज्यान जोगिन सक्थ्यो र भौतिक क्षति पनि निकै कम हुन्थ्यो ।

३. सागर ढकालः नवप्रवर्तन र युवा प्राविधिक क्षमताका प्रतीक नेपालको इन्जिनियरिङ सेक्टरमा नयाँ ऊर्जा, नवप्रवर्तनशील सोच र प्राविधिक सुशासनको अवधारणासहित अगाडि बढ्नुभएका सागर ढकालजस्ता युवा इन्जिनियरहरूले देशका लागि ठूलो आशा जगाएका छन् । उहाँहरूजस्ता युगान्तकारी प्राविधिकहरूले प्राविधिक ज्ञानलाई सिधै समाजको रूपान्तरण र राष्ट्रिय हितसँग जोड्ने प्रयास गरिरहनुभएको छ । राज्यले यस्ता क्षमतावान् युवाहरूको जोस, क्षमता र प्राविधिक दृष्टिकोणलाई उपयोग गर्ने नीति लिनु आवश्यक छ ।

४. अनुसन्धानमा आधारित विकास र प्राविधिक स्वायत्तता नेपालमा अब परम्परागत वा सतही अध्ययनका आधारमा विकास आयोजनाहरू सञ्चालन गर्ने परिपाटीको अन्त्य हुनुपर्छ । इन्जिनियरहरूको वास्तविक अनुसन्धान, गहन अध्ययन र वैज्ञानिक तथ्यका आधारमा मात्र ठूला पूर्वाधारका कामहरू अघि बढाउनुपर्छ । जबसम्म प्राविधिकहरूलाई प्रशासनिक र राजनीतिक दबाबमुक्त बनाएर काम गर्ने वातावरण दिइँदैन, तबसम्म गुणस्तरीय र दिगो पूर्वाधार निर्माण सम्भव छैन ।

निष्कर्ष नेपालमा दिपक ज्ञवाली, श्री राम श्रेष्ठ र सागर ढकालजस्ता दक्ष, राष्ट्रप्रेमी र क्षमतावान् प्राविधिकहरूको कमी छैन । यी र यस्ता तमाम प्राविधिकहरूलाई अगाडि सारेर उहाँहरूकै सल्लाह, सुझाव र मार्गदर्शन अनुसार अघि बढ्न म नेपाल सरकारसँग जोडदार अनुरोध गर्दछु । प्राविधिकको सम्मान, वैज्ञानिक अनुसन्धानको कदर र प्राविधिक नेतृत्व नै समृद्ध नेपाल निर्माणको साँचो हो ।

लेखक : प्राविधिक क्षेत्रका विश्लेषक
तथा अभियन्ता हुन्)

स्वयंसेवक छन्, प्रणाली कहाँ छ?

नेपाललाई अब एकीकृत राष्ट्रिय स्वयंसेवा प्रणाली चाहिन्छ



✍ पुष्कर थापा

नेपालमा स्वयंसेवा कुनै नयाँ अभ्यास होइन । गाउँ समुदायमा आपत् पर्दा एकअर्कालाई सघाउने परम्परादेखि सरकारी कार्यक्रम, सामाजिक संस्था, युवा समूह र विभिन्न क्षेत्रगत स्वयंसेवी संरचनासम्म नेपालले स्वयंसेवाको लामो अनुभव बोकेको छ । विकास निर्माणदेखि स्वास्थ्य, शिक्षा, वातावरण र विपद् व्यवस्थापनसम्म स्वयंसेवकहरूले आफ्नो समय, श्रम, ज्ञान र सीप योगदान गर्दै आएका छन् ।

नेपालमा स्वयंसेवक छन् कि छैनन् भन्ने होइन । हामीसँग भएका स्वयंसेवक को हुन्, कहाँ छन्, के गर्न सक्छन्, कति प्रशिक्षित छन्, उनीहरूको अनुभव कसरी प्रमाणित हुन्छ र राष्ट्रिय आवश्यकता पर्दा उनीहरूलाई कति छिटो तथा सुरक्षित रूपमा परिचालन गर्न सकिन्छ? मैले यही प्रश्नको उत्तर पाउने आशामा नेपाललाई अब एकीकृत राष्ट्रिय स्वयंसेवा प्रणालीतर्फ अघि बढ्नुपर्ने आवश्यकता देखाउँछु ।

कानुनी आधार छ, तर संरचना विभिन्न ठाउँमा छरिएका छन्

नेपालले स्वयंसेवालाई विभिन्न कानुनी तथा नीतिगत व्यवस्थाबाट स्वीकार गर्दै आएको छ । राष्ट्रिय युवा परिषद् ऐन, २०७२ यसको महत्वपूर्ण उदाहरण हो । ऐनले युवालाई १६ देखि ४० वर्ष उमेर समूहका व्यक्तिका रूपमा परिभाषित गरेको छ भने राष्ट्रिय युवा नीति, २०८२ ले युवाको उमेर १८ देखि ३५ वर्ष कायम गरेको छ । परिषद्को जिम्मेवारीमा युवालाई विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा स्वयंसेवकका रूपमा परिचालन गर्ने, विभिन्न युवा निकायका कार्यक्रमबीच समन्वय गर्ने, युवासम्बन्धी सूचनाको व्यवस्थापन तथा एकीकृत तथ्यांक तयार गर्ने र युवा संस्थाको क्षमता अभिवृद्धि गर्ने व्यवस्था छ ।

युवा स्वयंसेवा नेपालका लागि कानुनी रूपमा अपरिचित विषय होइन । तर पनि के यी कानुनी जिम्मेवारीले देशभरका सबै स्वयंसेवकको एउटै परिचय, तथ्यांक, सीप अभिलेख, प्रमाणीकरण र परिचालन प्रणाली सुनिश्चित गर्छन्?

मुख्यतः सम्बन्धित क्षेत्र वा संस्थागत जिम्मेवारीअनुसार सञ्चालन हुन्छन् । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले राष्ट्रिय स्तरमा स्वयंसेवकको समग्र क्षमता, सीप र उपलब्धतालाई एउटै अभिलेखमा जोड्ने प्रणालीको आवश्यकता देखाउँछ ।

स्वयंसेवा नीतिको प्रयास नभएको चाहिँ होइन

राष्ट्रिय स्वयंसेवा नीतिको मस्यौदा निर्माणको प्रयास पनि नेपालले गरिसकेको छ । संयुक्त राष्ट्र स्वयंसेवक कार्यक्रमको हाल उपलब्ध नेपालसम्बन्धी अभिलेखमा राष्ट्रिय स्वयंसेवा नीति, सरकारबाट अनुमोदन हुन बाँकी मस्यौदा, २०२१ उल्लेख छ । सोही अभिलेखमा स्वयंसेवासम्बन्धी छुट्टै राष्ट्रिय कानुनका लागि तथ्यांक उपलब्ध नभएको उल्लेख गरिएको छ । जसबाट के महत्वपूर्ण कुरा थाहा हुन्छ भने नेपालमा स्वयंसेवाको महत्वबारे छलफल नयाँ होइन । नीति निर्माणको प्रयास पनि भइसकेको छ । तर अबको आवश्यकता नीतिलाई कार्यान्वयन गर्न सकिने संस्थागत र डिजिटल संरचना निर्माण गर्नु हो ।

स्वयंसेवा राष्ट्र निर्माणको महत्वपूर्ण शक्ति हो, त्यसको व्यवस्थापन पनि त्यत्तिकै व्यवस्थित हुनुपर्छ । जति राम्रो व्यवस्थित स्वयंसेवक प्रणाली हुन्छ, त्यति नै राम्रोसँग स्वयंसेवकहरूले प्रभावकारी, परिणाममुखी र प्रभावशाली काम गर्न सक्षम हुन्छन् र देश विकासमा मद्दत पुग्छ ।

स्वयंसेवकको राष्ट्रिय तथ्यांक किन आवश्यक?

नेपालका विभिन्न जिल्लामा हजारौँ युवाले स्वास्थ्य, शिक्षा, विपद्, वातावरण, समुदाय परिचालन, डिजिटल सेवा, सामाजिक अभियान वा अन्य क्षेत्रमा स्वयंसेवा गरिरहेका छन् । कसैले प्राथमिक उपचारको तालिम लिएको, कसैले खोज तथा उद्धारको, कसैले सूचना प्रविधिको, कसैले मनोसामाजिक सहयोगको र कसैले स्थानीय समुदाय परिचालनको अनुभव हासिल गरेका छन् ।

अब यी सीप र अनुभव छुट्टाछुट्टै संस्था वा व्यक्तिगत प्रमाणपत्रमा सीमित भएपछि राष्ट्रिय स्तरमा उपलब्ध मानवस्रोतको वास्तविक तस्वीर व्यवस्थित रूपमा देखिँदैन । त्यसैले राष्ट्रिय स्वयंसेवक दर्ता तथा तथ्यांक प्रणाली आवश्यक छ ।

राष्ट्रिय युवा स्वयंसेवक प्रणालीमा स्वयंसेवकको स्थान, रुचिको क्षेत्र, शिक्षा, प्राविधिक तथा सामाजिक सीप, प्राप्त तालिम, स्वयंसेवा अनुभव, सेवा अवधि, उपलब्धता र प्रमाणित योगदानको विवरण सुरक्षित रूपमा राख्न सकिन्छ । यसले सरकारलाई एउटा महत्वपूर्ण प्रश्नको उत्तर दिन सहयोग गर्नेछ । हामीसँग आवश्यक पर्दा परिचालन गर्न सकिने स्वयंसेवी मानवस्रोत कति छ?

स्वयंसेवा अनुभवलाई सीपमा र सीपलाई अवसरमा जोड्नुपर्छ

युवाले स्वयंसेवा गर्दा केवल अरूलाई सहयोग गरिरहेका हुँदैनन्, उनीहरू आफैं पनि सिकिरहेका हुन्छन्। समुदायसँग काम गर्दा नेतृत्व र सञ्चार सीप विकास हुन्छ। अभियान सञ्चालन गर्दा आयोजना व्यवस्थापन र समन्वय क्षमता बढ्छ । विपद् तालिमले प्राथमिक उपचार, जोखिम व्यवस्थापन र आपत्कालीन प्रतिक्रिया सिकाउँछ । डिजिटल स्वयंसेवाले प्रविधि र तथ्यांक व्यवस्थापनको ज्ञान बढाउन सक्छ । जब यी सीपलाई औपचारिक रूपमा प्रमाणित गर्ने प्रणाली हुँदैन, समस्या तब हुन्छ ।

त्यसैले राष्ट्रिय प्रणालीले प्रशिक्षण, दक्षता मूल्यांकन र प्रमाणीकरणलाई बाँकी पृष्ठ ४

नौ...

विधेयक २०८२ जेठमा दर्ता भएको थियो । जेठ १८ गते प्रदेशसभामा टेबुल भएपछि जेठ २६ गते सैद्धान्तिक छलफल भयो । त्यसपछि २०८२ असार ११ गते सामाजिक विकास समितिमा दफावार छलफलका लागि पठाइएको थियो । समितिले छलफल पूरा गरेर २०८२ साउन २१ गते प्रदेशसभामा प्रतिवेदन पेस गऱ्यो र त्यसपछि २०८२ भदौ ५ गते प्रदेशसभाबाट विधेयक पारित भयो । अर्थात् समितिमा पुगेपछि पनि समय लागेको भए पनि प्रक्रिया पूरा भएर विधेयक कानुन निर्माणको चरणमा अघि बढेको देखिन्छ । कर्णाली प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक भने समितिमा पुगेर लामो समय विचाराधीन रहेको अर्को उदाहरण हो । यो विधेयक २०८२ जेठ १९ गते दर्ता भएको थियो । जेठ २६ गते प्रदेशसभामा टेबुल भएको विधेयकमाथि असार २२ गते सैद्धान्तिक छलफल भएको थियो । त्यसपछि २०८२ असार २७ गते सामाजिक विकास समितिमा दफावार छलफलका लागि पठाइएको थियो । उपलब्ध अभिलेखअनुसार यो विधेयक समितिमा पुगेको थियो, तर पछिल्लो उपलब्ध विवरणमा समितिले प्रतिवेदन प्रदेशसभामा पेस गरिसकेको देखिँदैन ।

प्रदेशसभा गठनको पहिलो कार्यकालमा कानुन निर्माणको गति तुलनात्मक रुपमा तीव्र थियो । त्यस अवधिमा ५३ वटा विधेयक प्रमाणीकरण भएका थिए । पहिलो कार्यकालमा प्रदेशसभाका २१७ वटा बैठक बसेका थिए । दोस्रो कार्यकालमा २०७९ देखि २०८३ असार मसान्तसम्म २२ वटा विधेयक प्रमाणीकरण भएका छन् । आर्थिक वर्ष ०८३/०८४ मा सरकार परिवर्तन, विश्वासको मत, मन्त्रिपरिषद् गठन तथा विस्तारलगायतका राजनीतिक गतिविधिले सदनको नियमित काममा समेत प्रभाव पारेको देखिन्छ । सरकार परिवर्तन हुँदा नयाँ सरकार गठन र विश्वासको मत लिनुपर्ने अवस्था आउँदा संसद्को नियमित विधायिकी काम प्रभावित हुने गरेको छ ।

जुम्लाका १५ युवा बेपत्ता, आफन्त प्रतीक्षामा



काँक्रेविहार संवाददाता
जुम्ला, २४ भदौ

रसुवाको भोटेकोशीमा आएको बाढीपछि जुम्लाको पातारासी गाउँपालिका-स्थित लाम्री गाउँका १५ युवा सम्पर्कविहीन छन् ।

बाढी आएको १४ दिन बितिसक्दा पनि बेपत्ता आफन्तको खोजी तथा उद्धार प्रभावकारी रूपमा हुन नसकेको भन्दै पीडित परिवारले राज्यप्रति आक्रोश व्यक्त गरेका छन् ।

लाम्री गाउँबाट कामको सिलसिलामा रसुवा पुगेका २० युवामध्ये पाँच जना मात्रै फर्किएका छन् । बाँकी १५ जनाको अवस्था अझै अज्ञात छ । आफन्त भने उनीहरू सकुशल फर्किने आशामा दिनरात बाटो हेरिरहेका छन् ।

लाम्रीका हर्क बुढाका २० वर्षीय एक्लो छोरा ध्रुव बुढा पनि बाढीपछि सम्पर्कविहीन छन् । ध्रुवले भदौ नौ गते राति परिवारसँग फोनमा कुराकानी गर्दै भोलिपल्ट बिहान फोन गर्ने बताएका थिए । तर त्यसपछि उनको कुनै खबर आएको छैन ।

खेतीपातीबाट परिवार पाल्दै आएका हर्कका लागि ध्रुव मुख्य सहारा थिए । रसुवामा काम गरेर उनले मासिक २८ हजारदेखि ४० हजार रुपैयाँसम्म घर पठाउने गरेका थिए । 'कमाउन गएको छोरा भेलले सम्पर्कविहीन भएपछि हामी विछिप्तजस्तै भएका छौं,' हर्कले भने ।

लाम्रीकै सुरेन्द्र बुढा, विशाल बुढा र प्रकाश बुढासहित १५ युवा बेपत्ता भएपछि गाउँमा सन्नाटा छाएको छ । सुरेन्द्रकी श्रीमती विष्णुमायामाथि वृद्ध आमा र दुई छोरीको जिम्मेवारी आएको छ ।

२१ वर्षीय प्रकाशकी १९ वर्षीया श्रीमती कविता नौ महिनाकी छोरीसहित श्रीमान्को प्रतीक्षामा छिन् । १८ वर्षीय विशाल कक्षा नौ मा अध्ययनरत थिए । उनी साथीहरूसँगै काम गर्न रसुवा पुगेका थिए । उनका बुवा सुकरामले विशाल परिवारको मुख्य सहारा रहेको बताए ।

१९ वर्षीय सन्तोष बुढाका बुवा दलबहादुर छोरा खोज्न काठमाडौं हुँदै त्रिशूलीसम्म पुगेका थिए । तर बाढीग्रस्त क्षेत्रमा जान नदिइएको र हेलिकप्टरबाट खोजी गर्नसमेत सहयोग नपाएको उनको गुनासो छ ।

'राज्यशक्तिमा पहुँच नहुँदा न समयमै उद्धार हुन सक्यो, न त शव नै भेटियो,' उनले भने । जिल्ला प्रशासन कार्यालयका अनुसार भोटेकोशी बाढीमा कामका लागि रसुवा पुगेका जुम्लाका ६४ जना अझै सम्पर्कविहीन छन् ।

पातारासीका ४९, गुठिचौरका नौ चन्दननाथका पाँच र सिँजाका एक जना बेपत्ता छन् । राष्ट्रिय मानवअधिकार आयोग कर्णाली प्रदेश शाखाले प्रभावित परिवारको अवस्था नाजुक रहेको जनाएको छ । आयोगले परिवारलाई राहतसँगै मनोपरामर्श सेवा आवश्यक रहेको बताएको छ ।

भूकम्पले भत्काएका विद्यालय र स्वास्थ्य संस्था बन्दै

काँक्रेविहार संवाददाता
जाजरकोट, २४ भदौ

२०८० कात्तिक १७ गते गएको भूकम्पबाट क्षतिग्रस्त विद्यालय तथा स्वास्थ्य संस्थाका भवन पुनर्निर्माणलाई कर्णाली प्रदेश सरकारले प्राथमिकतामा राखेको छ ।

प्रदेश सरकार अन्तर्गतका सामाजिक विकास कार्यालय र भौतिक पूर्वाधार विकास कार्यालयमार्फत जिल्लामा पुनर्निर्माणको काम अघि बढाइएको हो । भूकम्पका कारण जिल्लाका विद्यालय, स्वास्थ्य संस्था लगायत सार्वजनिक संरचनामा ठूलो क्षति पुगेपछि प्रदेश सरकारले आवश्यकता र प्राथमिकताका आधारमा पुनर्निर्माण थालेको थियो । केही संरचना निर्माण सम्पन्न भइसकेका छन् भने केहीको निर्माण कार्य



जारी रहेको सम्बन्धित कार्यालयले जनाएको छ । भौतिक पूर्वाधार विकास कार्यालयका अनुसार जाजरकोटमा भूकम्पबाट क्षतिग्रस्त ५२ विद्यालयका भवन पुनर्निर्माणको काम अघि बढाइएको छ । तीमध्ये ३३ विद्यालय भवन निर्माण सम्पन्न भइसकेका छन् भने १९ वटा भवन निर्माणाधीन अवस्थामा छन् । विद्यालय भवन पुनर्निर्माणसँगै विद्यार्थीका लागि आवश्यक अन्य भौतिक संरचना निर्माणमा पनि ध्यान दिइएको छ । सामाजिक विकास कार्यालयमार्फत विद्यालयका घेराबार, शौचालय तथा सामुदायिक भवनलगायतका संरचना निर्माण भइरहेको जनाइएको छ । स्वास्थ्य क्षेत्रतर्फ पनि पुनर्निर्माणको काम अघि बढाइएको छ । भूकम्पबाट क्षतिग्रस्त स्वास्थ्य संस्थामध्ये जाजरकोटमा १५ वटा भवन निर्माण गर्ने लक्ष्य राखिएकोमा हालसम्म सात वटा भवन निर्माण सम्पन्न भइसकेका छन् । बाँकी भवन निर्माणको चरणमा रहेका छन् । सामाजिक विकास कार्यालय जाजरकोटका प्रमुख दशरथ लामिछानेले पुनर्निर्माण भएका विद्यालय भवनका कारण भूकम्पबाट प्रभावित विद्यार्थीलाई नियमित पठनपाठनमा सहज भएको बताए ।

उनका अनुसार भूकम्पपछि अस्थायी संरचना वा जोखिमयुक्त भवनमा अध्ययन गर्नुपर्ने बाध्यता रहेका विद्यार्थीले अहिले क्रमशः सुरक्षित र व्यवस्थित भवनमा अध्ययन गर्ने वातावरण पाउन थालेका छन् ।

सामाजिक विकास कार्यालयका इन्जिनियर प्रेम नेपालीले कार्यालयमार्फत विद्यालय भवन निर्माणसँगै घेराबार, शौचालय, सामुदायिक भवनलगायत आवश्यक पूर्वाधार निर्माण भइरहेको जानकारी दिए ।

नमुना बस्तीका आठ परिवार विस्थापित

काँक्रेविहार संवाददाता
दैलेख, २४ भदौ

लगातारको वर्षाका कारण पहिरोको जोखिम बढेपछि दैलेखको नारायण नगरपालिका एक स्थित नमुना बस्तीका आठ घरधुरीलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ ।

लगातारको वर्षाले बस्ती आसपास पहिरो खस्न थालेपछि र कमजोर भूगोलका कारण केही घर चर्किन थालेपछि सम्भावित जनधनको क्षति रोक्न जोखिममा रहेका परिवारलाई अस्थायी रूपमा सुरक्षित स्थानमा सारिएको नारायण नगरपालिकाले जनाएको छ ।

नगरपालिकाका अनुसार नमुना बस्तीमा वर्षासँगै जमिन चिरिन थालेको र पहिरोको जोखिम बढ्दै गएपछि तत्कालै परिवारलाई सुरक्षित स्थानमा सार्ने निर्णय गरिएको हो ।

स्थानीयको घर तथा बस्ती जोखिममा परेपछि आइतबार साँझ उनीहरूलाई अस्थायी आश्रयस्थलमा स्थानान्तरण गरिएको हो ।

नारायण नगरपालिका एकका वडाध्यक्ष सन्देशकुमार श्रेष्ठका अनुसार जिल्ला प्रहरी कार्यालय



दैलेखको समन्वय तथा सहयोगमा आठ घरधुरीलाई गहतारीनजिक रहेको कृषि हाटबजार क्षेत्रमा राखिएको छ । उनका अनुसार अहिले उक्त क्षेत्रमा सारिएका परिवारलाई तत्कालका लागि सुरक्षित आवासको व्यवस्था गरिएको छ ।

"लगातारको भारी वर्षाका कारण नमुना बस्ती उच्च जोखिममा परेको छ । पहिरोले थप क्षति पुऱ्याउन सक्ने अवस्था देखिएपछि जोखिममा रहेका परिवारलाई सुरक्षित स्थानमा सारिएको हो," उनले बताए ।

वडाध्यक्ष श्रेष्ठले वर्षा नरोकिएसम्म बस्तीको अवस्था थप जोखिमपूर्ण हुन सक्ने भएकाले स्थानीयवासीलाई सतर्क रहन आग्रह गरिएको बताए ।

बस्तीको भौगोलिक अवस्था र घरहरूमा देखिएको चिराका कारण जोखिममा रहेका अन्य परिवारको अवस्थासमेत निगरानीमा राखिएको नगरपालिकाले जनाएको छ । यसैबीच, स्थानीय प्रशासन तथा सुरक्षा निकायले पहिरोको जोखिम रहेका क्षेत्रमा नियमित निगरानी बढाएका छन् ।

वर्षाका कारण सडक तथा अन्य पूर्वाधारमा समेत असर पर्न सक्ने भएकाले आवश्यक परे थप परिवारलाई पनि सुरक्षित स्थानमा सार्ने तयारी गरिएको छ ।

स्थानान्तरण गरिएका परिवारले तत्कालका लागि सुरक्षित ठाउँ पाएको भए पनि दीर्घकालीन रूपमा बस्ती नै जोखिममुक्त स्थानमा सार्नुपर्ने माग गरेका छन् । उनीहरूले वर्षायाममा प्रत्येक वर्ष पहिरोको त्रासमा बस्नुपर्ने अवस्था अन्त्य गर्न सम्बन्धित निकायसँग स्थायी समाधान खोज्न आग्रह गरेका छन् ।

भेरीगंगा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

छिन्चु, सुर्खेत

(वातावरण संरक्षण नियमावली २०७७ को नियम ३ संग सम्बन्धित)

भेरीगंगा नगरपालिकामा नदीजन्य पर्दाको उत्खनन् , संकलन र वितरणका लागि

(सार्वजनिक सूचना)

(मितिः २०८३/०५/२५)

प्रस्ताबकाको नामः भेरीगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय छिन्चु , सुर्खेत

प्रस्ताबको नाम : भेरीगंगा नगरपालिकामा नदीजन्य पदार्थ उत्खनन् ,संकलन र वितरणका लागि प्रारम्भिक वातावरणीय परिक्षण

प्रस्ताबको ब्यहोराः भेरीगंगा नगरपालिका क्षेत्राधिकारमा रहेका भेरी नदी, छिन्चू खोला, डुङ्री खोला, मुरली खोला, तोलिखोला, भर्लेनी खोला, भिग्नी खोला, नाच्ने खोला, गोचे खोला र कालपानी मेहटी खोलाहरुबाट नदीजन्य पर्दाथको उत्खनन्,संकलन र वितरण गर्नको लागि "प्रारम्भिक वातारणीय परीक्षण" को कार्यसूची (Terms of Reference) नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय अध्ययन कार्यविधि २०७७ को दफा ४ को उपदफा (४) बमोजिम मिति २०८३/०४/२५ गते स्वीकृत भएको छ । वातावरण संरक्षण ऐन २०७६ र नियमावली २०७७, तथा स्थानीय सरकार संचालन ऐन २०७४, नियम तथा नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय ढुंगा गिट्टि र वालुवा ब्यबस्थापन सम्बन्धी मापदण्ड २०७७ को अधीनमा रही (संकलन तथा बितरण समेत गर्नलाई तयार पारिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रयोजनका लागि सम्बन्धीत क्षेत्रसंग सम्बन्धीत सवालहरुको बारेमा प्रस्ताब कार्यान्वयन हुने क्षेत्रका ब्यक्ति वा सस्थाको जैविक, भौतिक, आर्थिक, सामाजिक एवं वातावरणका पक्षमा पर्न सक्ने प्रभाब सम्बन्धी राय सुझाब लिनु पर्ने भएकाले सोहि नियम अनुसार यो सूचना प्रकाशित गरिएको छ । माथिको प्रस्ताब कार्यान्वयनबाट प्रभाब पर्न सक्ने माथि उल्लेखित नदी तथा खोला क्षेत्रका वडाका विद्यालय, स्वास्थ्य सस्थाहरु, सरोकारवाला संघसस्था र ब्यक्तिहरु यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरि लिखित राय सुझाब उपलब्ध गराइदिन हुन अनुरोध छ ।

प्रस्ताबक : भेरीगंगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सर्खेत
कर्णाली प्रदेश, नेपाल
फोन नं. ९८५८०६४१११
वेवसाइट : www.bherigangamun.gov.np

प्रमुख प्रशासकीय अधिकृत

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

परागसेचक...

कृषि अर्थ विज्ञ चित्रबहादुर रोकायले प्रकृतिबाट निःशुल्क प्राप्त भइरहेको परागसेचन सेवाको संरक्षण गर्न नसके भविष्यमा त्यसको ठूलो मूल्य चुकाउनुपर्ने अवस्था आउने चेतावनी दिए। उनले परागसेचक प्रजातिको संरक्षण र वृद्धि गर्न राज्यदेखि किसानसम्म सबैले आ-आफ्नो तहबाट इमान्दारीपूर्वक प्रयास गर्नुपर्ने बताए।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेशका योजना महाशाखा प्रमुख तीलकराम पाण्डेले कर्णाली प्रदेशले परागसेचनसम्बन्धी परागसेचन सम्बन्धी दश बर्षे रणनीतिक निर्णमा गरिएको बताए । प्रदेश सरकारले वार्षिक नीति तथा कार्यक्रममा समेत परागसेचनमा योगदान पुऱ्याउने विभिन्न कार्यक्रम समावेश गरेको उनले बताए । परागसेचन संरक्षण प्रदेश सरकारको मात्रै विषय नभएको भन्दै पाण्डेले संघ, प्रदेश र स्थानीय तह तीनै सरकारबाट उत्तिकै ध्यान दिन आवश्यक रहेको बताए ।

लिवर्डका कार्यक्रम रणनीतिक संयोजक निराजन पुडासैनीले पछिल्लो समय परागसेचनको महत्व र सान्दर्भिकता अझ बढ्दै गएको बताए ।

प्रकृतिबाट निःशुल्क प्राप्त भइरहेको परागसेचन सेवाको संरक्षणमा अपेक्षाकृत उचित ध्यान पुग्न नसकेको उनको भनाइ थियो । परागसेचन सुविधाको वृद्धि तथा संरक्षणमा योगदान पुऱ्याउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको उनले बताए । उनले परागसेचक जीवको संरक्षणलाई किसानको उत्पादन, वातावरण संरक्षण र खाद्य सुरक्षासँग जोडेर बुझ्नुपर्ने आवश्यक रहेको बताए ।

हेल्भेटास नेपालको इन इलम परियोजनाका कर्णाली संयोजक टेक बहादुर सिंहले परागसेचनले उत्पादन र वातावरणीय कृषिमा ठूलो योगदान पुऱ्याउने भए पनि यसबारे अझै पर्याप्त जनचेतना हुन नसकेको बताए । परागसेचकको महत्वबारे किसान, स्थानीय समुदाय र सरोकारवालाबीच सचेतना विस्तार गर्दै संरक्षणका व्यवहारिक उपाय अवलम्बन गर्नुपर्नेमा उनले जोड दिए।

परागसेचक किराहरूले बाली तथा वनस्पतिमा पराग स्थानान्तरण गरी उत्पादन प्रक्रियामा महत्वपूर्ण योगदान पुऱ्याउने भए पनि कृषि क्षेत्रमा विषादीको बढ्दो प्रयोग, बासस्थान विनाश, वातावरणीय प्रदूषण तथा जलवायु परिवर्तनका कारण उनीहरूको अस्तित्वमा चुनौती थपिँदै गएको कार्यक्रममा चर्चा गरिएको थियो । सहभागीहरूले परागसेचकको संरक्षणलाई वातावरणीय विषयका रूपमा मात्रै नभई खाद्य सुरक्षा, कृषि उत्पादन, किसानको आय र समग्र पारिस्थितिकीय प्रणालीसँग जोडेर हेर्नुपर्ने बताएका थिए। त्यसका लागि विषादीको विवेकपूर्ण प्रयोग, परागसेचकका लागि अनुकूल बासस्थान निर्माण, स्थानीय प्रजातिको संरक्षण तथा किसान र समुदायमा सचेतना विस्तार गर्नुपर्नेमा उनीहरूले जोड दिए।

नेपाललाई...

जोड्नुपर्छ । स्वयंसेवकले गरेको काम, सेवा अवधि, जिम्मेवारी, तालिम र प्रदर्शन गरेका सीपको आधिकारिक डिजिटल अभिलेख हुनुपर्छ। जसले गर्दा युवाको स्वयंसेवी अनुभवलाई रोजगारीको प्रत्यक्ष विकल्प बनाउने होइन, बरु रोजगारीयोग्य सीप, सामाजिक जिम्मेवारी र व्यावहारिक अनुभवको प्रमाणित अभिलेख बनाउने हो । विश्वविद्यालय, रोजगारदाता, छात्रवृत्ति कार्यक्रम तथा अन्य अवसर हरूले उचित मापदण्डअन्तर्गत यस्तो प्रमाणित स्वयंसेवी अनुभवलाई मूल्यांकन गर्न सक्ने वातावरण निर्माण गर्न सकिन्छ।

विपद् आउँदा स्वयंसेवक खोज्ने होइन, उपलब्ध जनशक्ति परिचालन गर्ने

नेपालजस्तो भौगोलिक र जलवायु परिवर्तनको उच्च जोखिममा भएको देशमा यस्तो प्रणालीको सबैभन्दा ठूलो उपयोगमध्ये एक विपद् व्यवस्थापनमा हुन सक्छ। बाढी, पहिरो, भूकम्प, आगलागी वा अन्य विपद्का बेला ठूलो संख्यामा सहयोगी जनशक्तिको आवश्यकता परेको अवस्थामा विपद् भएपछि सामाजिक सञ्जाल, व्यक्तिगत सम्पर्क वा आकस्मिक आह्वानमार्फत स्वयंसेवक खोज्नुभन्दा पहिले नै प्रशिक्षित र प्रमाणित स्वयंसेवी जनशक्तिको विवरण राज्यसँग हुनु बढी प्रभावकारी हुन्छ । उदाहरणका रूपमा २०८३ साल भदौ १० गते, मा रसुवामा आएको बाढी संकटलाई लिनसक्छौं । यस्तो अवस्थामा कुन क्षेत्रमा कति स्वयंसेवक आवश्यक छन्, नजिकै को उपलब्ध छ, कसलाई प्राथमिक उपचारको तालिम छ, को स्थानीय भूगोलसँग परिचित छ, कसले राहत व्यवस्थापन गर्न सक्छ र कसलाई खोज तथा उद्धारसम्बन्धी तालिम प्राप्त छ भन्ने जानकारी पहिले नै उपलब्ध भए परिचालन थप व्यवस्थित हुन सक्छ। तर यसको अर्थ स्वयंसेवकलाई सुरक्षा निकाय, स्वास्थ्यकर्मी, उद्धारकर्मी वा अन्य पेशागत जनशक्तिको विकल्प बनाउनु होइन । बरु राज्यको नेतृत्व र स्पष्ट समन्वयमा प्रशिक्षित स्वयंसेवकलाई पूरक जनशक्तिका रूपमा परिचालन गर्नु हो। असंगठित परिचालन, असुरक्षित हस्तक्षेप र अनावश्यक ढिलाइ घटाउन तथा उपलब्ध स्रोतको प्रभावकारी उपयोग गर्न सहयोग गर्न सक्छ।

संघीय नेपालमा तीन तहबीच एउटै प्रणाली हुनुपर्छ

एकीकृत राष्ट्रिय स्वयंसेवा प्रणाली संघीय संरचनाअनुकूल हुनुपर्छ। संघीय तहले राष्ट्रिय मापदण्ड, डिजिटल स्वयंसेवक अभिलेख, प्रमाणीकरण, नीति र राष्ट्रिय समन्वयको नेतृत्व गर्ने । प्रदेश तहले क्षेत्रीय तालिम, क्षमता विकास र अन्तरस्थानीय परिचालनमा भूमिका र स्थानीय तहले स्थानीय आवश्यकता पहिचान, स्वयंसेवक परिचालन, सुपरिवेक्षण र सेवा अभिलेखीकरण गरेर यसरी केन्द्रमा मात्र तथ्यांक नराखी स्थानीय आवश्यकता र राष्ट्रिय स्वयंसेवी क्षमतालाई जोड्ने जीवित प्रणाली निर्माण गर्न जरुरी छ । अबको आवश्यकता नयाँ कार्यक्रम होइन, जोडिएको प्रणाली हो

राष्ट्रिय युवा परिषद् ऐनले युवा स्वयंसेवा र एकीकृत तथ्यांकको आधार दिएको छ । विपद् व्यवस्थापन ऐनले विपद्का लागि स्वयंसेवक परिचालन र स्वयंसेवक ब्युरोको अवधारणा अघि सारेको छ । राष्ट्रिय विकास स्वयंसेवक सेवा जस्ता सरकारी अभ्यास पनि लामो समयदेखि सञ्चालनमा छन्। त्यसैगरी नेपाल स्काउट, स्वास्थ्य स्वयंसेविका र विभिन्न सामाजिक संस्थाहरूले स्वयंसेवी अभ्यासलाई निरन्तरता दिएका छन् । यी सबैले नेपालमा स्वयंसेवा शून्यबाट सुरु गर्नुपर्ने अवस्था छैन भन्ने देखाउँछन्।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

भूमि प्रशासन कार्यालय, सुर्खेत

भूमि प्रशासन कार्यालय सुर्खेतबाट जारी भएको अपुताली (नामसारी) जग्गा हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।

(प्रकाशित मितिः २०८३/०५/२५)

जिल्ला सुर्खेत वीरेन्द्रनगर नगरपालिका वडा नं. १० बस्ने लादी थरुनी (ना.प्र.नं. ७३२६, जारी मिति २०३७/११/११, सुर्खेत) को पति ज.ध. बुद्धिराम थारुको नाममा तपशिल बमोजिमका जग्गा रहेकोमा निजको मिति २०८३/०३/१९ गतेका दिन मृत्यु भएको र माईली सौता सुकनी थरुनी विवाह भई अनेत्र गईसकेको, निजबाट जन्मेका १ छोरा भुवन चौधरी कान्छी सौता कुटैथी थरुनी र निजबाट जन्मेका १ छोरा हर्क बहादुर चौधरीले अंश लगिसकेको भनि वडा सर्जमिन मुचुल्का र सिफारिस पत्रबाट खुल्न आएकोले तथा नजिकका हकदारमा ज.ध. बुद्धिराम थारुका तीन श्रीमति मध्ये जेठी श्रीमति लादी थरुनी र निजबाट जन्म भएका १ छोरा प्रेम बहादुर चौधरी, माईली श्रीमती सुकनी थरुनी विवाह गरी अनेत्र गईसकेको र निजबाट जन्म भएका १ छोरा भुवन चौधरी र कान्छी श्रीमति कुटैथी थरुनी र निजबाट जन्म भएका १ छोरा हर्क बहादुर चौधरी भएको र दुबै श्रीमतिबाट जन्म भएका छोरीहरुको अनेत्र विवाह भई गईसकेकोले माईली श्रीमतीको छोरा भुवन चौधरी र कान्छी श्रीमतीको छोरा हर्क चौधरीले वावु बुद्धिराम थारु जीवित हुँदा अंश भाग लगिसकेकोले मेरो श्रीमान ज.ध. बुद्धिराम थारुका नाममा दर्ता कायम तपशिल बमोजिमको जग्गा मेरो नाममा एकलौटी नामसारी गरी पाउँ भनि यस कार्यालयमा द.नं. १४५० मिति २०८३/०५/१८ मा निवेदन मागदावी रहेकोमा निज वाहेक उल्लेखित जग्गामा अन्य कसैको हकदाबी भए वा नामसारी माग गरेको जग्गा निवेदकको नाममा नामसारी गरी जग्गाधनी प्रमाण पुर्जा दिन नमिल्ने कुनै कारण भए वा कसैले उल्लेखित कित्ता जग्गाको हकमा नामसारीको लागि यस पुर्व मिसिल भिडाई नामसारी प्रक्रियामा रहे भएको भए वा उल्लेखित जग्गाको हकभोग स्वामित्वमा असर पर्न जाने भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतिस) दिन भित्र यस कार्यालयमा स-प्रमाण दावी गर्न आउनुहोला। तोकिएको म्याद भित्र कोही कसैको दावी विरोध नपरे निवेदकको माग दावीलाई स्वीकार गरेको मानि कानून बमोजिम जग्गा नामसारी भई जानेछ र यस विषयमा पछि कसैको कुनै दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैको लागि सूचित गरिन्छ।

तपशिल

गा.वि.स.	वडा नं.	कि.नं.	क्षेत्रफल	दर्तावालाको नाम/थर	निवेदकको नाम/थर
लाटीकोइली	२	१३९६ १३९९ ३९२४	२३२.८१ १२६.९९ २९७.६३	बुद्धिराम थारु	लदी थरुनी

(जनक बहादुर हमाल)
भूमि प्रशासन अधिकृत

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०५/२५

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री शान्ति मेदासी ठकुरी** धनी रहेको, **दर्ता नम्बर** ९१३०/०७८/०७९ बाट **लेकबेशी-१०, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **सागर कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।





काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)